# समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको सामुदायिक सहभागिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक
आवश्यकता पूरा गर्नका लागि तयार पारिएको

## शोध पत्र


शोधार्थी
लीलाप्रसाद भण्डारी
क्याम्पस क्रमाङ्क ११५-०६५/०६६
त्रि.वि. दर्ता न. २८२४०-९४
परीक्षा क्रमाङ्क २०४०१२३/०६६

कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा


२०७३

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी लिला प्रसाद भण्डारीले मेरो प्रत्यक्ष निर्देशनमा **समुदायद्धारा व्यवस्थापन भएका विद्यालयमा सामुदायिक सहभागिता** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : २२ डिसेम्बर २०१६

(मोहन प्रसाद ओली)
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..........................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी लिला प्रसाद भण्डारीले **समुदायद्वारा व्यवस्थापन भएका विद्यालयमा सामुदायिक सहभागिता** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी ..........................................

विभागीय प्रमुख

२. मोहन प्रसाद ओली ..........................................

शोध निर्देशक

३. उप-प्रा. गणेश प्रसाद खनाल ..........................................

बाह्य परीक्षक

मिति : ९ जनवरी २०१७

# कृतज्ञता

प्रस्तुत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखि शोधकार्य पूरा गर्नको लागि महत्वपूर्ण निर्देशन, सल्लाह सुझाव, हौसला एवं मार्गनिर्देशन गर्नुहुने मेरा आदरणीय गुरु तथा शोध निर्देशक श्री मोहनप्रसाद ओलीप्रति हार्दिक आभार प्रकट गर्दछु । सल्लाह सुझाव दिई अनुसन्धान कार्यमा सहयोग गर्नुहुने श्रद्धेय गुरु विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटीप्रति आभारी छु ।

स्थलगत अध्ययनको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूरू, प्रधानाध्यापकज्यूहरु, शिक्षकवर्ग तथा अभिभावकवर्ग प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधपत्र लेखनका क्रममा घरायसी झैझमेलाबाट मुक्त गरी शोध लेखनमा समय जुटाइदिने मेरी जीवनसँगिनी खड्गकुमारी तिम्सिनाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, शोधपत्रको टाइपिङ, ले आउट, छपाइ तथा बाइण्डिङ समेतको जिम्मेवारी पूरा गरिदिने खनाल कम्युनिकेशन विर्तामोड तथा त्यसका सञ्चालक श्री सि.एम. खनालप्रति हार्दिक आभार प्रकट गर्दछु ।

लीलाप्रसाद भण्डारी

# शोधसार

*त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि 'समुदायद्वारा व्यवस्थापन गरिएको विद्यालयको सामुदायिक सहभागिता' शीर्षकमा यो शोध पत्र तयार गरिएको छ । यसको मुख्य उद्‌देश्य समुदायद्वारा व्यवस्थापन गरिएको सामुदायिक विद्यालयमा समुदायको सहभागिता कार्यान्वयनको अवस्था पहिचान गर्नु, समुदायद्वारा व्यवस्थापन गरिएको सामुदायिक विद्यालयमा समुदायको सहभागितामा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु, समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयको व्यवस्थापनमा देखा पर्ने समस्याहरु पत्ता लगाउनु र समस्या समाधानका लागि सुझावहरु प्रस्तुत गर्नु रहेको छ ।*

*झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित समुदायद्वारा व्यवस्थापन गरिएका प्राथमिक तह सञ्चालन गरेका तीनवटा विद्यालयहरुलाई नमुनाको रुपमा छनोट गरी त्यसैभित्र अध्ययनको परिसीमा निर्धारण गरिएको छ । गुणात्मक र परिमाणात्मक दुवै विधिरूलाई मिश्रित रूपमा उपयोग गरी प्रश्नावली, विद्यालय अवलोकन फाराम जस्ता प्राथमिक साधनबाट प्राथमिक तथ्याङ्क र विद्‌यालयहरुका अभिलेखहरु, शोधपत्रहरू, पुस्तक लेखरचनाहरू आदिका माध्यमबाट द्वितीयक तथ्याङ्कको संकलन गरिएको छ । वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक सङ्घ अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, अनारमनी स्रोतकेन्द्रका स्रोतव्यक्ति, अनारमनी क्षेत्र हेर्ने जिल्ला शिक्षा कार्यालय झापाका विद्यालय निरीक्षकलाई प्रश्नावली भराइएको छ । सङ्कलन गरिएका तथ्याङ्कहरूलाई उद्देश्यका आधारमा वर्गीकरण गरी विभिन्न तालिका, औसतका आधारमा व्याख्या, विश्लेषण गरी शोधकार्य पूरा गरिएको छ ।*

*व्याख्या विश्लेषणबाट प्राप्त भएको नतिजा अनुसार विद्यालयमा समुदायको सहभागिताको अवस्था पहिचानका लागि विद्यालयमा आर्थिक स्रोत व्यवस्थापन, भौतिक सुविधा विस्तार, भौतिक संरचना संरक्षण, शैक्षिक सुधारको क्षेत्रमा देवी उ.मा.वि. मा समुदायको सहभागिता उत्कृष्ट स्तरको रहेको पाइयो । समूह सहभागिता उत्कृष्ट रहेको कारण विद्यालयमा विद्यार्थीको भर्ना, टिकाउपन तथा विद्यालयको शैक्षिक उपलब्धिको अवस्था राम्रो रहेको पाइयो । सरस्वती मा.वि. मा समुदायको सहभागिता सामान्य अर्थात मध्यम स्तरको रहेको पाइयो । विद्यालयको विद्यार्थी भर्ना, टिकाउपन तथा शैक्षिक उपलब्धिमा समेत सामान्य गतिमा सुधार*

हुँदै आएको पाइयो । विराट नि.मा.वि. मा विद्यालयमा समुदायको सहभागिता न्यून रहेको पाइयो । तयार पारिएका चार वटै सूचकहरुमा समुदायको सहभागिता न्यून रहेको देखियो । विद्यार्थी भर्ना, टिकाउपन तथा शैक्षिक उपलब्धि समेत गिर्दो अवस्थामा पाइयो ।

पाँचवटा परिच्छेदहरुमा तयार पारिएको प्रस्तुत शोधको पहिलो परिच्छेदमा परिचय राखिएको छ । यस परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्नहरु, अध्ययनको परिसीमा तथा प्रयोग गरिएका शब्दावलीको परिभाषा संलग्न गरिएको छ । दोस्रो परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका राखिएको छ । तेस्रो परिच्छेदमा अध्ययन अनुसन्धानको विधि अन्तर्गत अध्ययनको ढाँचा, जनसंख्या र नमुना छनोट, अनुसन्धानका साधन, तथ्याङ्कका स्रोतहरु, तथ्याङ्क सङ्कलन प्रकृया तथा तथ्याङ्क विश्लेषण प्रकृया राखिएको छ । चौथो परिच्छेदमा समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयमा समुदायको सहभागिताको प्रभावलाई विभिन्न उपशीर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ । पाचौं परिच्छेदमा अध्ययनको निष्कर्ष र सुझावहरु समावेश गरिएको छ ।

# विषय सूची


**परिच्छेद एक**

**परिचय** **१-८**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्य ७

१.५ अनुसन्धान प्रश्नहरु ७

१.६ अध्ययनको परिसीमा ८

**परिच्छेद दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** **९-२०**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ९

२.२ सैद्धान्तिक खाका १५

२.३. पुनरावलोकनको उपादेयता १८

**परिच्छेद तीन**

**अनुसन्धान विधि** **२१-२६**

३.१ अनुसन्धानात्मक ढाँचा २१

३.२ जनसंख्या र नमुना छनौट २१

३.२.१ जनसंख्या २१

३.२.२ नमुनाको आकार २१

३.२.३ नमुना छनोटको आधार २२

३.२.४ नमुना छनोट विधि २२

३.३ अनुसन्धानका साधनहरु २३

३.३.१ खुल्ला तथा बन्द प्रश्नावली २३

| | | |
|---|---|---|
| ३.३.२ | अवलोकन | २३ |
| ३.३.३ | छलफल तथा अन्तरक्रिया | २३ |
| ३.३.४ | अन्तरवार्ता | २४ |
| ३.३.५ | अभिलेख अध्ययन | २४ |
| ३.४ | तथ्याङ्कका स्रोतहरु | २४ |
| ३.४.१ | प्राथमिक स्रोत | २४ |
| ३.४.२ | द्वितीयक स्रोत | २४ |
| ३.५ | तथ्याङ्क सङ्कलन प्रकृया | २४ |
| ३.६ | तथ्याङ्क विश्लेषण प्रकृया | २५ |

**परिच्छेद चार**

**नतिजाको विश्लेषण** **२७-४६**

| | | |
|---|---|---|
| ४.१ | विद्यालयमा समुदायको सहभागिताको अवस्था | २७ |
| ४.१.१. | आर्थिक स्रोत व्यवस्थापनमा | २७ |
| ४.१.२ | भौतिक सुविधा विस्तारमा | ३० |
| ४.१.३ | भौतिक संरचनाको संरक्षणमा | ३३ |
| ४.१.४ | शैक्षिक सुधारमा | ३५ |
| ४.२ | विद्यालयमा समुदायको सहभागितामा प्रभाव पार्ने तत्वहरु | ३४ |
| ४.२.१ | विद्यालय समुदाय सम्बन्ध | ३८ |
| ४.२.२ | विद्यालय र समुदाय बीच सम्पर्क र सञ्चार | ३९ |
| ४.२.३ | विद्यालयका गतिविधिको पारदर्शिता | ३९ |
| ४.२.४ | समुदायको चेतनास्तर | ३९ |
| ४.३ | विद्यालयको व्यवस्थापनमा समुदायको सहभागिताको तुलनात्मक अध्ययन | ३९ |
| ४.३.१ | विद्यार्थी भर्ना | ४१ |
| ४.३.२ | विद्यार्थी नियमितता | ४२ |
| ४.३.३ | शैक्षिक उपलब्धि | ४३ |

४.४ समुदायको सहभागितालाई प्रभावकारी बनाउने उपायहरु ४४
४.४.१ समुदायसँग सम्बन्ध विस्तार ४४
४.४.२ समुदायसँग निरन्तर सम्पर्क र सञ्चार ४४
४.४.३ पारदर्शिता ४४
४.४.४ विद्यालय समुदाय अन्तरक्रिया ४५
४.४.५ सरोकारवालाहरुको सहभागिताको वातावरण निर्माण ४५
४.५ प्राप्ति ४५

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझावहरु ४७-५०**

५.१ निष्कर्ष ४७
५.२ सुझावहरु ४७
५.२.१ नीतिगत तह ४८
५.२.२ अभ्यास तह ४९
५.२.३ अनुसन्धान तह ४९

**सन्दर्भ सूची**

**अनुसूचीहरु**

# तालिका सूची


तालिका १ : नमुनाको आकार २२

तालिका २ : देवी उ.मा.वि. मा आर्थिक स्रोत व्यवस्थापनमा समुदायको सहभागिता २८

तालिका ३ : सरस्वती मा.वि. मा आर्थिक स्रोत व्यवस्थापनमा समुदायको सहभागिता २९

तालिका ४ : विराट नि.मा.वि. मा आर्थिक स्रोत व्यवस्थापनमा समुदायको सहभागिता ३०

तालिका ५ : देवी उ.मा.वि. मा भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता ३१

तालिका ६ : सरस्वती मा.वि. मा भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता ३१

तालिका ७ : विराट नि.मा.वि. मा भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता ३२

तालिका ८ : देवी उ.मा.वि. मा भौतिक संरचना संरक्षणमा समुदायको सहभागिता ३३

तालिका ९ : सरस्वती मा.वि. मा भौतिक संरचना संरक्षणमा समुदायको सहभागिता ३४

तालिका १० : विराट नि.मा.वि. मा भौतिक संरचना संरक्षणमा समुदायको सहभागिता ३५

तालिका ११ : देवी उ.मा.वि. मा शैक्षिक सुधारमा समुदायको सहभागिता ३६

तालिका १२ : सरस्वती मा.वि. मा शैक्षिक सुधारमा समुदायको सहभागिता ३७

तालिका १३ : विराट नि.मा.वि. मा शैक्षिक सुधारमा समुदायको सहभागिता ३७

तालिका १४ : समुदायको सहभागिताको तुलनात्मक विवरण ४०

तालिका १५ : विद्यार्थी भर्ना विवरण ४१

तालिका १६ : विद्यार्थी नियमितता विवरण ४२

तालिका १७ : शैक्षिक उपलब्धि विवरण ४३